नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्या:-
चलानी संख्या:-

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेलज्यूले आज आयोजित एक कार्यक्रमका बीच नेपालको दोस्रो **बहुआयामिक गरिबी सूचकांक प्रतिवेदन २०२१** भर्चुअल माध्यमबाट सार्वजनिक गर्नुभयो।

उक्त सार्वजनिकीकरण कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरु, प्रदेश योजना आयोगका माननीय उपाध्यक्षहरु, नेपाल सरकारका विभिन्न मन्त्रालयका उच्चस्तरीय पदाधिकारीहरु, नेपालस्थित संयुक्त राष्ट्रसंघीय निकायहरुका प्रतिनिधिहरु, निजी क्षेत्र, सहकारी क्षेत्र तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरु तथा पत्रकारहरु लगायतको सहभागिता रहेको थियो।

प्रतिवेदन सार्वजनिक गर्दै माननीय उपाध्यक्षज्यूले सन् २०१४ र २०१९ बीचमा नेपालले बहुआयामिक गरिबी ३०.१ प्रतिशतबाट १७.६ प्रतिशतमा घटाउन सकेकोले गरिबी निवारणको लक्ष्यमा उल्लेख्य प्रगति हासिल गरेको बताउनुभयो। यसबाट नेपाल सरकारले गरिबी निवारणका क्षेत्रमा लिएका नीति तथा कार्यक्रमहरु सही दिशातर्फ उन्मुख रहेको धारणा राख्नुभयो। उहाँले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण हामीले हासिल गरेका यी उपलब्धिहरु कायम राख्न चुनौती थपेको र यसबाट नेपालको सामाजिक तथा आर्थिक क्षेत्रमा परेका नकारात्मक असरहरुलाई सम्बोधन गर्न राष्ट्रिय योजना आयोगले पुनरुत्थानकारी रणनीतिहरु तयार गरिरहेको पनि जानकारी गराउनु भयो।

यस बहुआयामिक गरिबी सूचकांक प्रतिवेदन केन्द्रीय तथ्यांक विभागले सन् २०१९ मा प्रकाशन गरेको नेपाल बहुसूचक क्लस्टर सर्वे (Nepal Multiple Indicator Cluster Survey) मा आधारित छ। यस प्रतिवेदनका अनुसार सन् २०१४ मा नेपालको बहुआयामिक गरिबी सूचकांक र बहुआयामिक गरिबी क्रमश ०.१३३ र ३०.१ रहेकोमा सन् २०१९ मा घटेर ०.०७४ र १७.४ प्रतिशतमा झरेको छ। यो सूचकांक विश्व बहुआयामिक गरिबी सूचकांक निकाल्ने बिधिकै प्रयोग गरी निकालिएको हो। यसका लागि सो विधि विकास गर्ने अक्सफोर्ड गरिबी तथा मानव विकास पहल (OPHI) सँग सहकार्य गरिएको थियो। राष्ट्रिय योजना आयोगको अगुवाईमा केन्द्रीय तथ्यांक विभाग र OPHI को टोलीले करिब ६ महिना अवधिमा यो प्रतिवेदन तयार पारिएको हो। नेपालले यस अघि सन् २०१८ मा यस्तै विधिको प्रयोग गरी पहिलो बहुआयामिक गरिबी सूचकांक प्रतिवेदन प्रकाशन गरेको थियो।

यस प्रतिवेदनमा बहुआयामिक गरिबी सूचकांक निकाल्नका लागि ३ वटा आयामहरु — *शिक्षा, स्वास्थ्य र जीवनस्तरसँग सम्बन्धित,* १० वटा सूचकहरुको भारितमान (weighted score) को लेखाजोखा गरिएको छ। प्रतिवेदनका अनुसार नेपालको विकास सबै आयाममा सन्तुलित पाइएको छ र यो गतिको प्रगति यस्तो प्रतिवेदन

निकाल्ने विश्वका ८० देशहरुमध्ये सबै भन्दा तीब्र पाइएको छ। खाना पकाउने इन्धन, सरसफाई तथा घरबासका सूचकहरुमा सबै भन्दा तीब्र प्रगति देखिएको छ। तथापी नेपालको गरिबी सूचकांक प्रदेशहरु तथा ग्रामीण र सहरी क्षेत्रबीच असममानता रहेको छ। प्रतिवेदनका अनुसार ग्रामीण क्षेत्रमा बहुआयामिक गरिबी २८ प्रतिशत छ भने शहरी क्षेत्रमा १२.३ प्रतिशत रहेको छ। यसैगरी प्रदेशहरुमा बागमती प्रदेशमा सबै भन्दा कम ७ प्रतिशत बहुआयामिक गरिबी छ भने कर्णाली प्रदेशमा सबै भन्दा धेरै ३९.५ प्रतिशत रहेको छ। सुदुरपश्चिम प्रदेश र प्रदेश दुई दोस्रो र तेस्रो धेरै गरिबी रहेका प्रदेशहरु हुन्। यसै गरी जनसंख्याको हिसावले प्रदेश दुईमा सबैभन्दा धेरै बहुआयामिक गरिबी रहेको पाइएको छ।

उक्त सार्वजनिकीकरण कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य तथा सचिव, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका आवासीय प्रतिनिधि, संयुक्त राष्ट्रसंघीय बालकोषका प्रतिनिधि तथा प्रतिवेदन लेखनको नेतृत्व गर्ने अक्सफोर्ड गरिबी तथा मानव विकास पहल (OPHI) का निर्देशक लगायतले मन्तव्य व्यक्त गर्नुहुदैं प्रतिवेदनले देखाएका उपलब्धिहरु निकै स्वागतयोग्य रहेको र अहिलेको कोभिड-१९ महामारीका बीच यी उपलब्धिहरुलाई जोगाउनु चूनौतीपूर्ण रहेकाले नेपाल सरकारले त्यसतर्फ आवश्यक कदम उठाउने विश्वास ब्यक्त गर्नुभएको थियो।

यो प्रतिवेदन राष्ट्रिय योजना आयोगले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, संयुक्त राष्ट्रसंघीय बालकोष तथा अक्सफोर्ड गरिबी तथा मानव विकास पहल (OPHI) सँगको सहकार्यमा प्रकाशित गरेको हो।

बुधबार २ भाद्र २०७८

राष्ट्रिय योजना आयोग
काठमाण्डौ

नेपाल राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं